# सर्केगाड गाउँपालिका, हुम्ला

## कर्णाली प्रदेश, नेपाल

## स्थानीय राजपत्र

भाग-२

| खण्डः ३ | संख्याः ६ | मितिः २०७८/०५/२६ |
|---|---|---|

# सर्केगाड गाउँपालिकाको विभिन्न समूह गठन र संचालन सम्बन्धी कार्यविधि

२०७८

सर्केगाड गाउँपालिका, हुम्ला

# सर्केगाड गाउँपालिकाको विभिन्न समूह गठन र संचालन सम्बन्धी कार्यविधि २०७८

**प्रस्तावनाः**

स्थानीय स्तरमा व्कक्ति-व्यक्तिहरु बीच विभिन्न विषयगत क्षेत्रका समूह निर्माण गरी समूहगत कार्यलाई प्राथमिकता दिंदै समुन्नत र समृद्ध समाजको स्थापना र विकास गर्न वाञ्छनीय भएकोले,
स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १०२ दे दिएको अधिकार प्रयोग गरी सर्केगाड गाउँ कार्यपालिको मिति २०७८/०५/२६ मा बसेको बैठकले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ ।

## भाग १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "सर्केगाड गाउँपालिकाको विभिन्न समूह गठन र संचालन सम्बन्धी कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

क."समूह" भन्नाले कृषि, पशु, महिला, यूवा समूह सम्झनु पर्दछ र सो शब्दले गाउँ कार्यपालिकाले निर्णय गरी तोकेका अन्य विषय क्षेत्रसँग सम्बन्धित समूह समेतलाई जनाउनेछ ।

ख."कार्यविधि" भन्नाले सर्केगाड गाउँपालिकाको विभिन्न समूह गठन र संचालन सम्बन्धी कार्यविधि २०७८ लाई सम्झनु पर्दछ ।

ग."परिवार" भन्नाले सदस्यको पति वा पत्नी , छोरा, बुहारी, अविवाहित छोरी, धर्मपुत्र, अविवाहित धर्मपूत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालन पोषण गर्नु पर्ने दाजु , भाउजु, भाई, बुहारी, दिदि र बहिनी, सासु, ससुरालाई सम्झनु पर्दछ ।

घ. "विधान" भन्नाले विषयगत समूह संचालनको लागि समूले तयार गरेको विधानलाई सम्झनु पर्छ ।

ङ."दर्ता गर्ने अधिकारी" भन्नाले समूह दर्ता गर्नको लागि गाउँपालिकाले तोकेको अधिकृत स्तरको कर्मचारीलाई सम्झनु पर्छ ।

सर्केगाड गाउँपालिका, हुम्ला

## भाग २

## समूह गठन संचालन

**३. समूह गठनः**

(१) कम्तिमा २० जना नेपाली नागरिकहरुले कुनै विषयगत क्षेत्र वा बहुविषयगत क्षेत्रमा कार्य गर्ने गरी समूह गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम समूह गठन गर्दा एकै परिवारको एक भन्दा बढी व्यक्ति एउटै समूहमा सदस्य हुन पाउने छैन तर समूह दर्ता भै सके पछि एकै परिवारका एक भन्दा बढी सदस्यले समूहो सदस्यता लिन बाधा पर्ने छैन ।

**४. समूह दर्ताको लागि निवेदन दिनुपर्नेः**

(१) दफा (३) बमोजिम गठित समूहले समूह दर्ताको लागि दर्ता गर्ने अधिकारी समक्ष अनुसूची १ को ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन दिंदा निवेदन तथा देहायका कागजात समेत संलग्न गर्नु पर्नेछ ।

क. समूहको विधान

ख. समूह गठन र दर्ता सम्बन्धमा समूहले आफ्नो निर्णयपुस्तिकामा गरेको निर्णयको प्रतिलिपि

ग. पदाधिकारीको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतलिपि

घ. विधान बमोजिम अन्य कागजात

**५. समूह दर्ता गर्नुपर्नेः**

(१) दफा ४ बमोजिम प्राप्त निवेदन सहितका कागजातहरु देहाय बमोजिम भएको पाइएमा दर्ता गर्ने अधिकारीले निवेदन प्राप्त भएको बढीमा १५ दिन भित्र दर्ता गरी अनुसूची २ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनुपर्नेछ ।

क. निवेदन साथ पेश गरेको विधान र यस कार्यविधि बमोजिम भएको,

ख. समूहको उद्धेश्य सामुहिक भावनामा आधारित भएको

(२) समूहले पेश गरेको विधान यस कार्यविधि अनुरुप नभएमा वा सामूहिक भावनामा आधारित नभएमा दर्ता गर्ने अधिकारीले शंसोधन गर्नुपर्ने विषयसहितको सूचना निवेदन प्राप्त भएको १० दिन भित्र निवेदकलाई दिनु पर्नेछ ।

**६. दर्ता गर्न अस्वीकार गर्न सक्नेः** यस कार्यविधि विपरित समूह दर्ताका लागि परेका निवेदनलाई दर्ता गर्ने अधिकारीले अस्वीकर गर्न सक्नेछ ।

**७. विधान बनाउनु पर्नेः** विषयगत समूहले यो कार्यविधिको अधिनमा रही आफ्नो कार्य संचालनको लागि विधान बनाउनु पर्नेछ ।

**८. नविकरणः** समूह दर्ता भइसके पछि हरेक वर्ष श्रावण महिना भित्र नविकरण गरिसक्नु पर्नेछ । अन्यथा भाद्र, आश्विन, कार्तिक, मंसिर, माघ महिनासम्म क्रमशः २० , ३०, ४०, ५० र १०० प्रतिशतका दरले थप दस्तुर लाग्ने छ । माघ महिनासम्म पनि नविकरण नभएको खण्डमा स्वतः खारेज भएको मानिनेछ ।

## भाग-३
## समूहको उद्देश्य तथा कार्य

**९. समूहको उद्देश्यः** हरेक विषयगत समूहको उद्देश्य समूहका सदस्यहरुको आर्थिक , सामाजिक र साँस्कृतिकको विकास गर्ने किसिमको हुनुपर्ने छ ।

**१०. समूहको कार्यः**प्रत्येक समूहका कार्यहरु निम्न हुनेछन्

क. सामुहिक भावनाबाट संचालित हुने
ख. सदस्यहरुको हित प्रवर्द्ध गर्ने,
ग. समूह भित्र लोकतन्त्रको पवर्द्धन गर्ने
घ. सदस्यहरुको नेतृत्व क्षमता विकास गर्ने,
ङ. विधानमा उल्लेखित अन्य कार्यहरु गर्ने

## भाग-४
## विविध

**११. कोष संचालन गर्न सक्नेः**

(१) विषयगत समूहहरुले आफ्नो सदस्यहरुको हित प्रवर्दनको लागि कोषको संचालन तथा व्यवस्थापन गर्न सक्नेछन् ।

(२) समूहको कोषमा देहायको रकम हुनेछन्

क. समूहका सदस्यहरुले नियमित रुपमा गरेको बचत
ख. समूहलाई केन्द्र सरकार , प्रदेश सरकार , स्थानीय सरकार तथा प्रचलित बमोजिम अन्य निकायबाट प्राप्त रकम

(३) कोषको संचालन र व्यवस्थापन समूहको विधान अनुरुप हुनेछ ।

**१२. अनुगमन तथा नियमनः** समूहको अनुगमन तथा नियमन दर्ता गर्ने अधिकारी र वडा कार्यालयबाट हुनेछ ।

**१३. खारेजी वा बचाउः** यस अघि अधिकार प्राप्त निकायबाट दर्ता भएका समूहहरु यसै कार्यविधि बमोजिम दर्ता भएको मानिनेछ ।

## अनुसूची-१
## दफा ४ को उपदफा (१) सँग सम्बन्धित
## समूह दर्ताको लागि दिइने निवेदनको ढाँचा

श्री दर्ता अधिकारी ज्यू
सर्केगाड गाउँपालिकाको कार्यालय
सर्केगाड, हुम्ला ।

विषयः ____________________ समूह दर्ता गरिपाउँ ।

श्री _________________________ को सहयोगमा हामी आफै ______________ समूहमा संगठित भै सर्केगाड गाउँपालिकाको ____________________ वडामा गठन गरेको हाम्रो ____________________ समूह दर्ता गरि पाउँ भनि निम्न विवरण सहित यो निवेदन पेश गरेका छौं ।

**समूहको विवरणः**

**समूहको नामः** ____________________

**सर्केगाड गाउँपालिका वडा नं** _______ **टोलः**____________________

**समूहको उद्देश्यः**

(१) ________________________________________
(२) ________________________________________
(३) ________________________________________

**समूह सदस्य संख्याः** **जनजातीः** महिलाः___पुरुषः___ **दलितः** महिलाः___पुरुषः____
**अन्यः** महिलाः____ पुरुषः___ **जम्माः** महिलाः___ पुरुषः____

**पदाधिकारीको नामः**

| क्र.सं. | पद | नाम, थर | ठेगाना | उमेर | सम्पर्क नं. | शैक्षिक योग्यता | दस्तखत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**नियमित बैठक बस्ने दिनः**_________

**प्रति महिना समूहको हितकोष संकलन हुन सक्ने रु**________________

**हालसम्म हितकोषमा जम्मा रुकम रु**______________________________

## अनुसूची-२

सर्केगाड गाउँपालिका, हुम्ला

**दफा ५ को उपदफा (१) सँग सम्बन्धित**
**कृषक समूक दर्ता प्रमाणपत्रको ढाँचा**

सर्केगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
__________________ शाखा
सर्केगाड, हुम्ला ।

समूह दर्ता नं.____

**__________________ समूह दर्ता प्रमाणपत्र**

समूहगत कार्यलाई सुव्यवस्थित गर्दै __________________(विषयगत क्षेत्र) क्षेत्रमा टेवा पुर्याउने उद्देश्यले सर्केगाड गाउँपालिका वडा नं .____ मा मिति __________________ मा गठित श्री __________________ समूहलाइ यस कार्यालयको अभिलेखमा दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ ।
समूहमा सुदृढीकरण भई सहकारीकरण तर्फ उन्मुख हुनेछ भन्ने अपेक्षा गरिएको छ ।

**दस्तखतः**
श्री __________________
______ शाखा प्रमुख
______ शाखा

______________________
**प्रमुख प्रशासकीय अधिकृत**

आज्ञाले
कृष्ण केशर आचार्य
प्रमुख प्रशासकीय अधिकृत

सर्केगाड गाउँपालिका, हुम्ला